## विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिको आर्थिक अनुदान प्राप्त गर्न अन्तिम छनोट सूची प्रकाशन गरिएको सम्बन्धी सूचना

२०६९।८।२४ गो.प.

यस समितिद्वारा सञ्चालित "वित्तीय सहयोग कार्यक्रम" अन्तर्गत शैक्षिक वर्ष २०६८।०६९ मा कक्षा १० र कक्षा १२ बाट आवेदन दिएका विद्यार्थीहरू मध्येबाट आर्थिक अनुदान प्राप्त गर्न अन्तिम छनोट सूची प्रकाशन गरिएको छ। छनोटमा परेका विद्यार्थीहरूको छनोट नतिजा नेपाल टेलिकमको सबै प्रकारका फोनबाट शुरूमा १६४० र त्यसपछि सुनिने निर्देशनअनुसार आफ्नो S.L.C. तथा उ. मा. वि. को रजिष्ट्रेशन नम्बर डायल गरी प्राप्त गर्न सकिनेछ। नतिजा समितिको Website:www.sfafdb.edu.np मा पनि उपलब्ध छ। जिल्लाअनुसारको छनोट सूची सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूमा पनि पठाइएको छ।

छनोटमा परेका विद्यार्थीहरूले ४५ दिनभित्रमा नियमानुसार राष्ट्रिय वाणिज्य बैंक अथवा उक्त बैंक नभएका जिल्लाहरूमा नेपाल बैंक लिमिटेडमा व्यक्तिगत बचत खाता खोली नागरिकता प्रमाणपत्रको प्रतिलिपि हाल अध्ययनरत शैक्षिक संस्थामा भर्ना भएको प्रमाण खुल्ने सिफारिस एवं विद्यार्थी कबुलियतनामा अनिवार्यरूपमा बुझाउनुहुन यो सूचना प्रशारण गरिएको छ। आवश्यक विद्यार्थी संख्या पूरा भएको खण्डमा पछि आएका कागजातहरूलाई प्रक्रियामा सामेल गराइने छैन साथै अनुदान रकम परियोजना अवधि (Jan.15,2014) सम्म मात्र प्रदान गरिने सूचित गरिन्छ।

कबुलियतनामा राष्ट्रिय वाणिज्य बैंकको website: www.rbb.com.np अथवा समितिको Website: www.sfafdb.edu.np बाट डाउनलोड गर्न सकिनेछ।

**थप जानकारीका लागि:**

**नोटिस बोर्ड नं.** : १६१८-०७०७-१००१० डायल गर्नुहोला।